घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय

घोराही दाङ जिल्ला, लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको वैठक नं १३६

आज मिति २०८०।०१।१० गते आइतबार घोराही उपमहानगरपालिकाका नगर प्रमुख श्री नरुलाल चौधरीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाका देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा घोराही उपमहानगरपालिकाको नगर कार्यपालिकाको १३६औं बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| क्र. सं. | नाम | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नरुलाल चौधरी | नगर प्रमुख | | |
| २ | हुमा कुमारी डि.सी. | उपप्रमुख | | |
| ३ | राममणी पाण्डेय | सदस्य | १ | |
| ४ | चित्र बहादुर चौधरी | सदस्य | २ | |
| ५ | राम प्रसाद चौधरी | सदस्य | ३ | |
| ६ | मधु सुदन शर्मा | सदस्य | ४ | |
| ७ | विवेक बुढाथोकी | सदस्य | ५ | |
| ८ | विष्णुराम आचार्य | सदस्य | ६ | |
| ९ | खोपिराम चौधरी | सदस्य | ७ | |
| १० | जितेन्द्र शाह | सदस्य | ८ | |
| ११ | चैतु कुमार चौधरी | सदस्य | ९ | |
| १२ | दिपक पाण्डेय | सदस्य | १० | |
| १३ | कुल बहादुर लामिछाने | सदस्य | ११ | |
| १४ | द्रोण बहादुर बहकरी क्षेत्री | सदस्य | १२ | |
| १५ | डुल्लुराम पोखेल | सदस्य | १३ | |
| १६ | भान सिं बुढा | सदस्य | १४ | |
| १७ | रमेश कुमार पाण्डेय | सदस्य | १५ | |
| १८ | तारा बहादुर डि.सी. | सदस्य | १६ | |
| १९ | राम लौटन चौधरी | सदस्य | १७ | |
| २० | भरतमणि अर्याल | सदस्य | १८ | |
| २१ | ज्ञान बहादुर रायमाझी | सदस्य | १९ | |
| २२ | लिलादेवी गोतामे कामी | सदस्य | | |
| २३ | बसन्ता पोखेल | सदस्य | | |
| २४ | शान्ता शेर्पाली | सदस्य | | |
| २५ | श्रीमती पदमा चौधरी | सदस्य | | |
| २६ | मिना बुढाथोकी | सदस्य | | |
| २७ | पवित्रा विश्वकर्मा | सदस्य | | |
| २८ | कमला परियार | सदस्य | | |
| २९ | मान बहादुर सुनार | सदस्य | | |
| ३० | भोजराज घिमिरे | सचिव | | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | श्रीमन पोखेल | बैठक व्यवस्थापक | |

२) युवराज पौडेल, इन्जिनियर नवौं तह

३) विमल अग्रहरी, सूचना प्रविधि अधिकृत

## मिति २०८०/०१/१० गते आइतबार १३६ औं कार्यपालिका बैठक

**प्रस्तावहरु:**

१. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरु समिक्षा सम्बन्धमा।
२. आय व्ययको विवरण सम्बन्धमा।
३. आगामी आ.व. २०८०/०८१को बजेट सिलिङ उपलब्ध गराउने सम्बन्धमा।
४. राजन निर्माण सेवालाई नदिजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा ।
५. विपद कार्ययोजना सम्बन्धमा।
६. भेरिएसन आदेश स्वीकृत सम्बन्धमा।
७. दुग्धजन्य पदार्थको मूल्य समायोजन सम्बन्धमा।
८. आर्थिक सहयोग सम्बन्धमा।
- औषधी उपचार खर्च।
- महेन्द्र बहुमुखी क्याम्पस दाङमा अध्ययनरत विद्यार्थीहरुका लागि।
- राष्ट्रिय लोकभजन चुट्का संरक्षण प्रतिष्ठान दाङ।
- राष्ट्रिय युवा संघ नेपाल।
- लोकतान्त्रिक आदिवासी जनजाति महासंघ नेपाल।
- नेपाल निवृत्त राष्ट्रसेवक समाज घोराही दाङ।
- थारु कल्याणकारिणी सभा २ नं. कार्यसमिति दाङ देउखर।
- अखिल नेपाल किसान महासंघ, राष्ट्रिय समिति।

९. कार्यविधि पारित सम्बन्धमा।
१०. मासिक औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा।
११. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मरणोपरान्त सम्मान सम्बन्धमा।
१२. अस्थायी प्रहरी चौकी स्थापना सम्बन्धमा।
१३. वडा नं. १३ बराह क्षेत्र संरक्षण संबर्धनको योजनाको DPR परिवर्तन सम्बन्धमा।
१४. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा। (संघीय अनुदानका शिक्षक तलब)
१५. थारु भाषाको पाठ्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
१६. कक्षा १ र २को थारु भाषाको पाठ्यपुस्तक निर्माण सम्बन्धमा।
१७. नमुना विद्यालय व्यवस्थापन समितिको सदस्य तोक्ने सम्बन्धमा।
१८. चोक नामाकरण सम्बन्धमा।
१९. नेपाल ज्योतिष परिषदलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा।
२०. वडा प्रहरी कार्यालयको हिरासत कक्ष मर्मतका लागि सहयोग गर्ने सम्बन्धमा ।
२१. इन्धन उपलब्ध गराइएको निर्णय अनुमोदन सम्बन्धमा ।
२२. नगर अनुदान शिक्षक कर्मचारी छनौट गर्ने सम्बन्धमा।
२३. ठेक्का तोड्ने सम्बन्धमा।
२४. प्रशासनीक भवन निर्माण सम्बन्धमा।
२५. बहुवर्षिय ठेक्का आव्हान गर्ने सम्बन्धमा।

निर्णय नं. १

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो ।

निर्णय नं. २

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०७९/०८० को चैत्र मसान्तसम्मको आय र व्ययको विवरण कार्यपालिका समक्ष प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत गरियो ।

निर्णय नं. ३

स्रोत अनुगमन तथा बजेट सीमा निर्धारण समितिको मिति २०८०।०१।१० गते बसेको बैठकको निर्णयानुसार आगामी आ.व. २०८०/०८१को लागि बजेट निर्माणका लागि वडा कार्यालयहरुलाई ८० लाखको बजेट सिलिङ उपलब्ध गराउने । साथै महाशाखा/शाखाहरुको बजेट निर्माण गर्दा चालु आ.व.मा भन्दा २५ प्रतिशत कम गरी योजना तथा कार्यक्रम छनौट गर्न महाशाखा /शाखालाई निर्देशन दिने।

निर्णय नं. ४

आ.व. २०७८/०७९ मा आय ठेक्का नं. ११/०७८/०७९ सेवार खोला घोराही तुल्सीपुर सडकको कचवेको ५०० मी. दक्षिणदेखि गुर्जेखोला दोभासम्मको क्षेत्रबाट नदिजन्य पदार्थको उत्खननका गरी आन्तरिक बिक्री गर्न राजन निर्माण सेवाका नाममा घोराही उपमहानगरपालिकाको मिति २०७८।०९।२० गतेको निर्णय अनुसार ठेक्का स्वीकृत भई प्रथम किस्ता वापत रसिद नं.. २१३२, मिति २०७८।१०।०७ गतेमा राजश्व रकम रु ७,५०,०००।- (सात लाख पचास हजार) यस कार्यालयको विभाज्य कोष खातामा जम्मा गरी ठेक्का चलान पूर्जी दिई उत्खनन् एवं घाटकट्टीका लागि राजन निर्माण सेवालाई अनुमति दिइएकोमा उक्त स्थानबाट नदीजन्य पदार्थ उत्खननमा स्थानीयबाट विरोधका कारण उत्खनन हुन नपाएकोले उक्त निर्माण सेवाबाट बुझाइएको राजश्व वापतको रकम फिर्ता दिने भनि मिति २०७८।१२।१६ गते बसेको १२०औं कार्यपालिका बैठकबाट निर्णय भएतापनि रकम अभावको कारण फिर्ता नगरिएको हुँदा उक्त सेवा कम्पनीबाट ठेक्का कबोल भएको रकम (प्रति घ.मी. रु.५७४।७१) अनुसार जम्मा १३०५ घ.मी. मात्र नदीजन्य पदार्थ राजन निर्माण सेवा मानपुर-१ दाङलाई घोराही उपमहानगरपालिकाको आ.ई.ई भएका सेवारखोला क्षेत्र नं. २ बृद्धाश्रम क्षेत्र उत्तरतर्फ तेरौटे जाने बाटो, पूर्वमा सर्रा, दक्षिणमा घोराही तुल्सीपुर सडकखण्ड र पश्चिममा बाहुनडाँडा प्रेरित टोल सिमाक्षेत्र रहने स्थानबाट नदिजन्य पदार्थ उपलब्ध गराउने ।

निर्णय नं. ५

स्वास्थ्यका लागि सक्षम प्रणालीको प्राविधिक सहयोगमा निर्माण गरिएको घोराही उपमहानगरपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना(Disaster Preparedness and Response Plane) स्वीकृत गर्ने ।

निर्णय नं. ६

६.१ ठेक्का नं. NCB/works/GSMC/08/077/78 दामोदर चोकदेखि आर्मी व्यारेकसम्म नाला सहित सडक निरन्तरता कार्यको लागि बहुवर्षिय योजना अन्तर्गत निर्माण कम्पनी खड्का कृष्ण/तिरुपाते/बंगलामुखी जे.भी. विच सम्झौता अनुसार कबोल ठेक्का रकम रु.४,८८,९७,४४३।५१ मात्र भ्याट सहितमा टेण्डर स्वीकृत भएकोमा उक्त योजनाका लागि हाल VO1 गर्नुपर्ने अत्यावश्यक भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (५) बमोजिम गठित बिषेशज्ञहरुको समूहको सिफरिसमा सडकको चौडाईमा केही घटी/बढी हुन गएको पुरानो नाला तथा फुटपाथ भत्काई कार्य गर्दा इस्टीमेट र डिजाइन चेन्ज हुनुका साथै विद्युत पोल आइटमको काम HT र LT लगायत अन्य नेटवर्कका विद्युतीय तारहरु एकै ठाउँमा भएकोले विद्युत कार्यालयबाटै उक्त कार्य तत्काल गर्न नसकिने भएको कारणले सडकको चौडाईमा केही घटी/बढी हुन गएको जस्तै Road way excavation work, Sub base work, Base work, Prime coat, Track coat, Asphalt concrete, Reinforcement work, RCC work र Form work आइटमहरुको Quantity फेरबदल भई सडकको चौडाई केही घटी हुने देखिएकोले र थर्मोप्लास्टिक रोड पेन्टको काममा पनि यस कार्यालय र निर्माण व्यवसायी विच रेट नेगोसियसन गरी थप कार्य समेत गर्दा बोल कबोल रकममा नबढ्ने गरी विशेषज्ञ समूहको सिफारिसमा भेरिएसन अर्डर १ गरी Variation Sheetमा उल्लेख भए अनुसार Original Contract Amount लाई Change Contract Amount को आधारमा सुधार गरी VO1 र Justification समेत यसै साथ संलग्न राखी शुरुको कबोल ठेक्का अंक रु.५,६८,५१,०३३।८८ भ्याट र कन्टेन्जेन्सी सहित टेण्डर स्वीकृत भएकोमा ११.१३२ प्रतिशतले घटी रु.५,०५,२२,४३०।७५ भ्याट, कन्टेन्जेन्सी सहितको भेरिएसन आदेश नं. १(VO1) स्वीकृत गर्ने ।

६.२ घोराही उपमहानगरपालिकाको आ.व. २०७९/०८०मा संचालन हुने गरी बजेट तथा कार्यक्रममा समावेश भएको योजना ठेक्का नं. NCB/WORK/GSMC/077/078 सडक विभागदेखि धारपानी जाने बाटो निर्माण हुने योजनाका लागि हाल VO1 गर्नुपर्ने अत्यावश्यक भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (५) बमोजिम गठित विशेषज्ञहरुको समूहको सिफारिसमा मेजर आइटमहरु Road way cutting, Sub base, Base र Prime Coat आदि कार्यमा Quantity घटिबढी हुने र आ.सि.सि. कल्भर्ट र थर्मोप्लास्टिक रोड पेन्टको काममा पनि यस कार्यालय र निर्माण व्यवसायी विच रेट नेगोसियसन गरी थप कार्य समेत गर्दा बोल कबोल रकममा शुरु सम्झौता रकम रु.१,२२,९१,९१७।३९ भ्याट र कन्टन्जेन्सी सहित टेण्डर स्वीकृत भएकोमा हाल ०.११७ प्रतिशतले घटी रु. १,२२,७७,५८७।१० को भेरिएसन आदेश नं. १ (VO1) स्वीकृत गर्ने ।

निर्णय नं. ७

दुग्धजन्य पदार्थको मूल्य समायोजन गर्ने सम्बन्धमा घोराही उपमहानगरपालिका उपभोक्ता हित संरक्षण समितिका संयोजक तथा नगर उपप्रमुख श्री हुमा कुमारी डि.सी.ज्यूको अध्यक्षतामा सरोकारवाला डेरी व्यवसायीका पदाधिकारीहरु र दुग्ध किसानहरु समेतको उपस्थितिमा बसेको बैठकले डेरी व्यवसायी संघ, दाङको मागलाई मध्यनजर गर्दै नेपाल सरकार दुग्ध विकास बोर्डको यस अघिको कायम मूल्य र हाल समायोजन गरिएको मूल्यको अनुपातलाई तुलनात्मक अध्ययन गरी घोराही उपमहानगरपालिका क्षेत्रभित्र तपसिल अनुसार दुध तथा दुग्धजन्य पदार्थको मूल्य समायोजन गर्ने। साथै, नेपाल सरकारले तोकेको स्टयाण्डर्ड मापदण्ड अनुसार बिक्रि वितरण नगरी डेरी व्यवसायीहरुले सो भन्दा

कम स्टयाण्डर्ड मापदण्ड भएको दुध तथा दुग्धजन्य पदार्थ बिक्री वितरण गरेको पाइएमा नियमानुसार तत्काल जरिवाना गर्ने।

तपसिलः

१. किसानले पाउने मूल्य प्रति Fat रु.८।– र प्रति SNF रु.४।– का दरले हालको प्रतिलिटर रु.६६।– बाट बृद्धि गरी रु. ७३।- प्रतिलिटर कायम गर्ने।

२. डेरी व्यवसायीहरुले उपभोक्ताहरुलाई बिक्रि गर्ने मूल्य यस प्रकार रहने गरी निम्नानुसार कायम गर्ने ।

| क.सं. | विवरण | हालको मूल्य | समायोजन भएको मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | दुध | ९०।- प्रति/लि. | १००।- प्रति/लि. | |
| २ | दही | ११०।- प्रति/लि. | १२५।– प्रति/लि. | रु.६५।– आधा लिटर |
| ३ | पनिर | ८००।– प्रति/के.जी. | ८५०।– प्रति/के.जी. | |
| ४ | घ्यू | १३००।– प्रति/के.जी. | १३५०।– प्रति/के.जी. | |

निर्णय नं. ८

घोराही उपमहानगरपालिकामा निम्न व्यक्ति तथा संस्थाबाट आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शिर्षकबाट उपलब्ध गराउने ।

| क.स. | संस्था, व्यक्ति तथा कार्यक्रमको नाम | सहयोग रकम रु | कैफियत |
|---|---|---|---|
| १. | मदन चौधरी र विरेन्द्र परियार<br>घोराही उपमहानगरपालिका वडा नं. १० | ३०,०००।- | औषधी उपचार खर्च |
| २ | महेन्द्र बहुमुखी क्याम्पसमा BBA कार्यक्रममा अध्ययनरत विद्यार्थीहरु | ३०,०००।- | धरानमा हुने फुलबल प्रतियोगितामा सहभागी हुने विद्यार्थीहरु |
| ३ | राष्ट्रिय लोकभजन चुट्का संरक्षण प्रतिष्ठान दाङ। | २०,०००।- | केन्द्रिय महाधिवेशन |
| ४ | राष्ट्रिय युवा संघ, नेपाल केन्द्रीय कमिटी | २०,०००।- | नवौ राष्ट्रिय महाधिवेशन |
| ५ | नेपाल निवृत्त राष्ट्रसेवक समाज प्रधान कार्यालय घोराही दाङ | ५०,०००।- | अतिथि गृह भवनको झ्याल ढोका फर्निचर निर्माणका लागी |
| ६ | थारु कल्याणकारिणी सभा २ नं. क्षेत्र कार्यसमिति दाङ देउखर | १५,०००।- | अधिवेशन सञ्चालन |
| ७ | अखिल नेपाल किसान महासंघ, राष्ट्रिय समिति | ३०,०००।- | राष्ट्रिय महाधिवेशन सम्पन्न गर्न |

निर्णय नं. ९

घोराही उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखाबाट पेश भएका तपसिल बमोजिमका कार्यविधि पारित गर्ने ।

तपसिलः

१. आमा तथा नवजात शिशु सुरक्षा सम्बन्धी कार्यविधि, २०८०
२. लागुऔषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यविधि, २०८०
३. घोराही उपमहानगरपालिका स्वास्थ्य वीमा संयोजन समिति सञ्चालन कार्यविधि २०८०

निर्णय नं. १०

घोराही उपमहानगरपालिकामा मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७८ नियम २को (ग)अनुसारको लाभग्राहीलाई नियम ४ बमोजिम लाभग्राहीले पाउने औषधि उपचार वापत खर्च प्राप्त गर्न आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिएका तपसिल बमोजिमका लाभग्राहीहरुलाई मासिक रु.५,०००।– उपलब्ध गराउने स्वास्थ्य उपसमितिको मिति ०७९।१२।२१गते बसेको बैठकको निर्णयलाई समर्थन गरी कार्यान्वयन गर्ने ।साथै उक्त उपचार खर्च प्राप्त गर्ने सम्बन्धी सूचना प्रकाशन तथा प्रशारण गर्न जनस्वास्थ्य प्रवर्द्धन शाखालाई निर्देशन दिने।

| सि.नं. | बिरामीको नाम | उमेर/वर्ष | वडा नं. | रोगको प्रकार | गरिबी परिचय पत्र जारि मिति | लागु हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | उत्तर कुमार थारु | ६० | ९ | क्यान्सर | ०७९।११।२२ | ०७९चैत्र देखि नियमित |
| २ | सुनिता चौधरी | ४५ | १० | मृगौला डायलाईसिस | ०७९।११।२५ | ०७९चैत्र देखि नियमित |
| ३ | जुगमानी चौधरी | ५४ | १४ | क्यान्सर | ०७९।११।२५ | ०७९चैत्र देखि नियमित |
| ४ | बिरमती कामी | ५७ | १३ | मृगौला डायलाईसिस | ०७९।१०।२४ | ०७९फाल्गुण देखि नियमित |
| ५ | हुमी कुमारी डाँगी | ५३ | १० | क्यान्सर | ०७९।११।२२ | ०७९ चैत्र देखि नियमित |

निर्णय नं. ११

घोराही उपमहानगरपालिकामा लामो समय महिला स्वास्थ्य स्वयम सेविकाको भुमिकामा आमा र बालबालिका स्वास्थ्य सेवा प्रदान गर्नु भएको र सेवाकै क्रममा उहाँहरुको मृत्यू समेत भएको हुँदा तपसिल बमोजिमका महिला स्वास्थ्य स्वयम सेविकाहरुको परिवारलाई सम्मान तथा राहत स्वरुप आर्थिक सहयोग रकम रु. २०,०००।- (अक्षरुपी बिस हजार) प्रति परिवारलाई उपलब्ध गराउने स्वास्थ्य उपसमितिको मिति ०७९।१२।२१गते बसेको बैठकको निर्णय समर्थन गर्दै सहयोग रकम घोराही उपमहानगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखाको वार्षिक बजेटमा रहेको महिला स्वास्थ्य स्वयम सेविका प्रवर्धन बिमा समेत शीर्षकबाट उपलब्ध गराउने ।

तपसिलः

| सि.नं. | महिला स्वास्थ्य स्वयम सेविकाको नाम | ठेगाना | मृत्यु भएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | देवा के सी | घोराही उपमहानगरपालिका वडा नं. १६ | २०७९।०६। ०३ | |
| २ | जसमती बिक | घोराही उपमहानगरपालिका वडा नं. १९ | २०७९।०८।२४ | |

निर्णय नं. १२

घोराही उपमहानगरपालिकाको १३ नं. वडा कार्यालयमा राती अज्ञात व्यक्तिबाट वडा कार्यालय तोडफोड गर्न तथा कार्यालय भित्र प्रवेश गरी ताला काट्ने प्रयास समेत भएकोले वडा कार्यालयको सुरक्षार्थ अस्थायी प्रहरी पोस्ट स्थापनाको लागि १३ नं. वडा कार्यालयको च.नं. ४०६९, मिति २०८०।०१।०६ को पत्रबाट सम्बन्धीत निकायमा सिफारिस गरिदिनुहुन भनि अनुरोध भई आएकोले वडाकै ज्यामिरे सामुदायिक वनको पुरानो एक तलाको टिनले छाएको भवनमा बस्न दिने सहमती समेत रहेकोले उक्त स्थानमा अस्थायी प्रहरी पोस्ट स्थापना लागि जिल्ला प्रशासन कार्यालय घोराही दाङलाई अनुरोध गर्ने ।

निर्णय नं. १३

घोराही उपमहानगरपालिका वडा नं. १३ स्थित बराहक्षेत्र संरक्षण सम्बर्धन धार्मिक समितिको स्वागत गेट बहारथान टिकटघर र पार्क निर्माण गर्न विगत ३ वर्ष अगाडी तात्कालिन वन तथा पर्यटन मन्त्रालयबाट ८,३७,६७,२३४।४५ को डि.पि.आर. स्वीकृत भई ठेक्काबाट काम सुचारु भएकोमा हाल पर्यटन डिभिजन कार्यालय कोहलपुरबाट कार्यान्वयन भैरहेकोमा बहारक्षेत्र भित्र रहेको प्राचिन बराहथान नभत्काई यथास्थानमा राख्नुपर्ने र ड्याम बराहथानदेखि दक्षिण भागमा रहेको खाली खोल्सामा बनाउनुपर्ने भन्ने स्थानीय उपभोक्ता, बुद्धिजिवि, राजनैतिक दलहरु समेतको उपस्थितिमा १३ नं. वडाका वडाअध्यक्ष श्री डुल्लुराम पोखेलको अध्यक्षतामा मिति २०७९।१२।१८ गते बसेको बैठकले निर्णय समेत गरेको, डि.पि.आर. भएको अन्य कामहरु यथावत राखी प्राचिन बराहथानमा नै कायम राख्ने गरी ड्यामको रु ३,६४,९२,१९२।७३ को डिपिआर तपसिल अनुसार परिवर्तन गर्ने साथै मोडेनपार्क तीन मध्ये दुईवटा यथास्थानमा बनाई एक वटा उचित स्थानमा सारी पुनः डि.पि.आर. तयार गरी योजना संचालन गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

तपसिलः

१. बलीस्थानदेखि तल जलाशय निर्माण गर्ने।
२. साविक थानदेखि नयाँ थानमा जाने बाटोमा सिढी निर्माण गर्ने।
३. वर्षायाममा पानी पास गर्न पक्की नाला निर्माण गर्ने।
४. पानी फोहरा निर्माण गर्ने।
५. भित्तामा १२ भेडाको टाउको भएको धारा निर्माण गर्ने।
६. महिला पुरुषको लागि २ कोठाको ड्रेस चेन्जिङ रुम निर्माण गर्ने।
७. शिव मन्दिर परिसरमा गार्डेन निर्माण गर्ने।
८. वलीथान परिसरमा ट्रस्ट निर्माण गर्ने।
९. वलीथान परिसरमा ब्लक बिच्छाउने।
१०. बहुउद्देश्यीय मञ्च सहितको ५०० जना मानिस अटाउने ट्रष्ट निर्माण गर्ने।
११. आयोजनाको मोडेल निर्माण गर्ने।
१२. बाराहीदेवी मन्दिर परिसर संरक्षण गर्ने।

निर्णय नं. १४

आर्थिक वर्ष २०७९/०८०मा उपमहानगरपालिकाका लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(सशर्त अनुदान) अन्तरगत आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान र माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शीर्षकमा शिक्षा तथा मानव स्रोत केन्द्रबाट रकम निकासा कम भएकोले कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९ को क्रियाकलाप २.८.१२ र २.८.१३को बुँदा नं.३ बमोजिम हाललाई यस उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाको वार्षिक बजेट तथा कार्यक्रमको सि.नं. ३२१ र ३२२ मा रहेको यस वर्ष नि.मा.वि. शिक्षक अनुदान शीर्षकबाट रकम सोध भर्ना गर्न आवश्यक भएको भनि नगर शिक्षा समितिको मिति २०७९।१२।२३ गते बसेको बैठकबाट निर्णय समेत भएकोले उक्त शीर्षकबाट तलब पाउने गरी नियुक्ति भई कार्यरत शिक्षकहरुको असार मसान्तसम्म आवश्यक गर्ने तलब यस उपमहानगरपालिकाको शिक्षा युवा तथा सामाजिक विकास महाशाखाको वार्षिक बजेट तथा कार्यक्रममा रहेको यस वर्ष दिइने नि.मा.वि. तलब अनुदान शीर्षकमा रहेको कुल रकम १ करोड ४२ लाख मध्येबाट मा.वि. र नि.मा.वि. केन्द्रीय अनुदान (शिक्षण सिकाई अनुदान)मा कार्यरत शिक्षकहरुका लागि अपुग रकम रु.४२,७४,२२०।- (बयालीस लाख चौहत्तर हजार दुई सय बिस) सोधभर्ना हुने गरी तलब निकासा गर्ने ।

निर्णय नं. १५

घोराही उपमहानगरपालिकाका सामुदायिक विद्यालयहरु थारु भाषाका कक्षा सञ्चालन गर्न पाठ्यक्रम निर्माणका लागि घोराही उपमहानगरपालिकाले थारु कल्याणकारिणी सभा दाङ देउखरसँगको सहकार्यमा निर्माण भएको घोराही उपमहानगरपालिकाको थारु मातृभाषाको पाठ्यक्रम आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम स्वीकृत गर्ने।

निर्णय नं. १६

घोराही उपमहानगरपालिकाको शिक्षा युवा तथा सामाजिक विकास महाशाखाको आ.व. २०७९/०८०को वार्षिक बजेट तथा कार्यक्रममा कक्षा १ को थारु भाषाको पाठ्यपुस्तक निर्माणका लागि बजेट विनियोजन गरिएको शीर्षक (थारु भाषाको कक्षा २ पाठ्यपुस्तक निर्माण)मा भुलवस कक्षा २ लेखिन गएकोमा उक्त शीर्षकबाट कक्षा १ को थारु भाषाको पाठ्यपुस्तक निर्माण गर्ने।

निर्णय नं. १७

घोराही उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५(पहिलो संशोधन) को दफा २०क को उपदफा (१) खण्ड (ग) मा व्यवस्था भए बमोजिम नगर स्तरीय नमूना विद्यालय व्यवस्थापन समितिमा विद्यालयका संस्थापक स्थानीय बुद्धिजिवि, शिक्षाप्रेमी वा चन्दादाता मध्येबाट कार्यपालिकाले मनोनित गरेको १ जना महिला सहित ३ हुनुपर्ने व्यवस्था अनुसार देहाय अनुसार सदस्य मनोनयन गर्ने।

श्री आधारभूत विद्यालय सिमलतारा, वडा नं. १

१) पूर्ण बहादुर मल्ल
२) कमला परियार
३) टोप बहादुर राना

श्री गौरी बबई निमुरिया, वडा नं. २

१) इमान सिंह के.सी.
२) रत्नी चौधरी
३) गिर बहादुर के.सी.

श्री सरयू आ.वि. वडा नं. ३

(१) हिमा खत्री
(२) पार्वता सुवेदी
(३) लोक बहादुर खत्री

श्री आधारभूत विद्यालय सुनपुर, वडा नं. ४

१) कूल बहादुर कामी
२) दामोदर अधिकारी
३) पुष्पा शर्मा पोखेल

श्री महेन्द्र आ.वि. दलजितपुर वडा नं. ५

(१) झगेन्द्र बस्नेत
(२) घनश्याम के.सी.
(३) विसन चौधरी

श्री जनकल्याण प्रा.वि. लखुवार, वडा नं. ६

(१) प्रविण वली
(२) अश्विन चौधरी
(३) रेखा के.सी.

श्री रात्री प्रा.वि. शुक्रवार वडा नं. ७

(१) सुरेश चौधरी
(२) अमर चौधरी
(३) सरस्वती चौधरी

श्री नेपाल राष्ट्रिय आ.वि. दुन्द्रा वडा नं. ८

(१) बल बहादुर चौधरी
(२) रमादेवी चौधरी
(३) श्रीधर घिमिरे

श्री प्रा.वि. मकुन्डाँडा अस्परी वडा नं. ९

(१) नारायण रावत
(२) लक्ष्मी हरिजन
(३) होम बहादुर डाँगी

श्री नवोदय बालकल्याण आ.वि. दक्षिण अम्राई वडा नं. १०

(१) शिव श्रेष्ठ
(२) सिता चौधरी
(३) हरिकला वि.क.

श्री प्रा.वि. शिवपुर वडा नं. ११

(१) मणिभद्र गौतम
(२) यमकली घर्ती
(३) विमल नेपाली

श्री मा.वि. रतनपुर, वडा नं. १२

(१) सुरेश गौतम
(२) अमर बहकरी
(३) दुर्गा कुमारी वली

श्री बराहक्षेत्र मा.वि. सेवार वनगाउँ वडा नं. १३

(१) केशव गिरी

(२) स्मृती बुढामगर

(३) लिलाधर स्वर्णकार

श्री बाल विकास मा.वि. वडा नं. १४

(१) खडक बहादुर के.सी.

(२) इश्वर कुमार बुढा

(३) सुशिला चौधरी

श्री सरस्वती मा.वि. काठेकोल वडा नं. १५

(१) विवेक श्रेष्ठ

(२) बुद्धी पौडेल

(३) विष्ना कालाथोकी

श्री प्रा.वि. सानीअम्बापुर सर्रा वडा नं. १६

(१) गिर बहादुर बस्नेत

(२) मान बहादुर डि.सी.

(३) पदमा चौधरी

श्री प्रा.वि. भैसाही, वडा नं. १७

(१) तुल प्रसाद घिमिरे

(२) श्रीधर योगी

(३) निमा कुमारी बुढाथोकी

श्री अम्बिकेशरी आ.वि., बेलघारी, वडा नं. १८

(१) किशोर पौडेल

(२) अर्जुन पन्थी

(३) विमला रावत

श्री भगवती मा.वि. सैघा होडवाङ, वडा नं. १९

(१) शिवराज घर्ती मगर

(२) डम्बर बहादुर रावत

(३) जानका पुनमगर

श्री माता पवित्रादेवी साङवेद संस्कृत विद्यालय वडा नं. ७

(१) सुन्दर गौतम

(२) किशोर घिमिरे

(३) केशर चन्द्र गौतम

निर्णय नं. १६ मा मेरो असहमति छ।

यसमा उल्लेखित बुँदा मध्ये निर्णय नं १५ को वडा अध्यक्ष वार्ड नं. १५

मेरो असहमति छ।

वडा अध्यक्ष वार्ड नं १३

निर्णय नं. १६ मा मेरो असहमति छ।

निर्णय नं. १६ मा मेरो असहमति छ।

वडा अध्यक्ष वार्ड नं. १४

वडा अध्यक्ष वडा नं १५

निर्णय नं. १८

घोराही उपमहानगरपालिका वडा नं. १७ दामोदर सडक अन्तर्गत पूर्वमा कटुवा खोला डबल पुल जाने बाटो, पश्चिममा कर्जाही जाने बाटो, उत्तरमा पचुर्खा थारु गाउँ र दक्षिणमा चैनपुर जाने बाटो रहेको उक्त चौबाटोको नाम जगुलाल चौधरी चोक नामाकरण गर्न १७ नं. वडाको कार्यालयको वडा समितिको मिति २०८०।०१।०८ गतेको निर्णय सहित वडा कार्यालयको च.नं. ३९८७, मिति २०७८।०१।०८ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उक्त स्थानलाई जगुलाल चौक नामाकरण गर्न अनुमति दिने।

निर्णय नं. १९

घोराही उपमहानगरपालिकाको वडा नं. १६ स्थित शान्ति शिव मन्दिर संरक्षण केन्द्र बाहुनडाँडाले भोगचलन गर्दै आएको सेवार वनगाउँ वडा नं. ६ग को कि.नं. १०६ को ३-१५-१२ क्षेत्रफल रहेकोमा मन्दिरको दक्षिणतर्फ ५ मिटर छोडी ०-१०-० क्षेत्रफल जग्गा नेपाल ज्योतिष परिषद लुम्बिनी प्रदेशलाई पूर्वाधार निर्माणका लागि जग्गा उपलब्ध गराइदिनुहुन १६ नं. वडा कार्यालयको च.नं.२८९२, मिति २०७९।११।२७ गतेको पत्र वडा समितिको मिति २०७९।११।१६ गतेको निर्णय सहित आएकोले उक्त जग्गा नेपाल ज्योतिष परिषद लुम्बिनी प्रदेशलाई सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनिति २०७९को दफा ६ बमोजिम उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने।

निर्णय नं. २०

वडा प्रहरी कार्यालय घोराही दाङको हिरासत कक्ष ज्यादै जिर्ण अवस्थामा रहेको भनि वडा प्रहरी कार्यालय कार्य शाखा घोराही दाङको च.नं. ६८१, मिति २०८०।०१।०८ को पत्रबाट अनुरोध भई आएकोले उक्त हिरासत कक्षको मर्मत घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी लागत अनुमान तयार गरी सोही अनुसार मर्मत संभार गर्ने।

निर्णय नं. २१

लोकतान्त्रिक आदिवासी जनजाती महासंघ, नेपालको च.नं. ९३, मिति २०७९।११।११गतेको पत्रबाट दोस्रो महाधिवेशनका लागि सहयोग माग भई आएकोमा प्रमुख प्रशासकीय अधिकृतज्यूको तोक आदेशबाट मिति २०७९।१२।१७ गते १००लि. डिजेल उपलब्ध गराइएकोमा सो निर्णय अनुमोदन गर्ने।

निर्णय नं. २२

घोराही उपमहानगरपालिकाको शिक्षा ऐन २०७५(संशोधन २०७९) को दफा ३० को उपदफा (५)मा रहेको नगर अनुदान शिक्षक तथा कर्मचारी छनौट समितिको गठन नभएसम्मको लागि साविकको (दफा ३०को उपदफा (१) बमोजिम) समितिबाटै शिक्षक तथा कर्मचारी छनौट गर्न स्वीकृति दिने।

निर्णय नं. २३

यस उपमहानगरपालिका वडा नं. ४ स्थित डाँडागाउँ गोरली मा.वि. सिभिल इन्जिनियरिङ कृषि प्राविधिक विद्यालयको २० कोठे भवन निर्माणको लागि तराई मधेश सम्वृद्धी कार्यक्रम अन्तर्गत मिति २०७६।१०।२० मा ठेक्का आव्हान भई रु.३०,८५,३९३।– मा ठेक्का स्वीकृत आकर्ष निर्माण कम्पनीसँग मिति २०७७।०३।०१ गते सम्झौता भएको र सम्झौता अनुसार कार्यगरी रनिङ विल बमोजिम रकम रु.२८,५८,२१५।४४ भुक्तानी भएकोमा हाल उक्त भवनको लागि रकम विनियोजन समेत नभएको र बाँकी कार्य घोराही सिमेन्टका तर्फबाट भवनको पलास्टर, पि.सि.सि.को B.O.Q मा भएको Quantity को काम हाल फिल्डमा भईसकेको हुनाले थप कार्य गर्नु नपर्ने प्राविधिक प्रतिवेदन पेश भएको हुँदा उक्त ठेक्का सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ उपदफा (४) तथा सार्वजनिक खरिद नियमावलीको नियम १२७ मा व्यवस्था भए अनुसार सार्वजनिक हितका लागि सुविस्ताका आधारमा उक्त भवन निर्माणको ठेक्का सम्झौता अन्त्य गर्ने।

निर्णय नं. २४

घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित कार्यालय परिसर भित्र निर्माण हुने प्रशासनीक भवन निर्माणका लागि ठेक्का नं. NCB/WORKS/GSMC/09/077/078 "नगर प्रशासनीक भवन निर्माण" गर्न गौरी पार्वती/भुसाल/बस्नेत (जे.भी.)सँग सम्झौता भई कार्य सञ्चालन भएकोमा उक्त भवनको Raft Foundation को ढलान गर्दा गर्दै विचमा काम अधुरो छोडेकोमा हाल पुनः ढलानको कार्यलाई निरन्तरता दिन उपयुक्त हुने नहुने विषयमा Forensic Investigation गरी Structure Re-Design को लागि छनौट भएको परामर्शदाता Earthquake Safety Solution Sainbu, Lalitpur बाट पेश भएको प्रतिवेदन "Forensic Investigation of Existing Mat Foundation of Administrative Building of Ghorahi Sub Metropolitan and Its Rehabilitation Measure" को आधारमा प्रतिवेदनका उल्लेखित विधिहरु अवलम्बन गरी निर्माण कार्य गर्न सकिने भनि पूर्वाधार विकास महाशाखाबाट पेश भएको राय तथा उक्त परामर्शदाताबाट कार्यपालिका बैठकमा प्रतिवेदन प्रस्तुतीकरण समेत गरेको हुँदा उक्त प्रतिवेदन स्वीकृत गरी पूर्वाधार विकास महाशाखाका प्राविधिकको प्रत्यक्ष निगरानीमा निर्माण कार्य अगाडी बढाउन अनुमति दिने।

निर्णय नं. २५

घोराही उपमहानगरपालिकाको नगरसभाको एघारौं अधिवेशनबाट आ.व. २०७९/०८०मा सञ्चालनका लागि स्वीकृत वजेट तथा कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका विभिन्न आयोजना निर्माणका लागि चालु आ.व.मा विनियोजित रकम उक्त आयोजना सम्पन्न गर्न लाग्ने लागत अनुमान बढी हुन आएकोले उक्त योजनाहरुलाई आगामी आ.व. २०८०/०८१मा बाँकी रकम भुक्तानी हुने गरी निरन्तरता गरी ठेक्का आव्हान गर्न स्वीकृति दिने ।

तपसिलः

| सि.नं. | योजनाको नाम | योजना स्थल | विनियोजन रकम | अनुमानित ल.ई.मु.अ.कर सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. १ बुका चरिङ्गे सडक स्तरउन्नती | वडा नं. १ | १०,००,०००।- | ६०,००,०००।- | |
| २ | वडा नं. १ अदुवाबारी हुँदै भोटेदहसम्म सडक स्तरउन्नती | वडा नं. १ | | ६०,००,०००।- | |
| ३ | वडा नं. २ रामपुर पलासे चोकदेखि बालापुरसम्म बाटो स्तरउन्नती | वडा नं. २ | २०,००,०००।- | ६०,००,०००। | |
| ४ | वडा नं. २ रामपुर बजारदेखि निमुरियासम्म २ कि.मी. बाटो स्तरउन्नती | वडा नं. २ | २०,००,०००।- | ६०,००,०००।- | |
| ५ | वडा नं. ३ को झिङ्नी चोक देखि नवनिर्मित वडा कार्यालयसम्म सडक स्तरउन्नती | वडा नं. ३ | १५,००,०००।- | १,१७,१७,३३६।१३ | |
| ६ | वडा नं. ४ मावि गोग्लीदेखि लक्ष्मीपुर मन्दिरसम्म सडक स्तरउन्नती | वडा नं. ४ | १५,००,०००। | १,२०,००,०००।- | |
| ७ | वडा नं. ५ खैरा गनारदेखि कसानचोक सडक स्तरउन्नती | वडा नं. ५ | १५,००,०००।- | ८०,००,०००।- | |
| ८ | वडा नं. ५ धोलडाँडादेखि गोठलीगाउँ जाने बाटो स्तरउन्नती | वडा नं. ५ | १२,००,०००।- | ८०,००,०००।- | |
| ९ | वडा नं. ६ वडा कार्यालयदेखि फचकपुर- पक्वै- बेरगैं- बचाहा- बेरुवागाउँ हुँदै बबईसम्म सडक स्तरउन्नती | वडा नं. ६ | १५,००,०००।- | १,१४,८२,५०८।०७ | |
| १० | वडा नं. ७ पसदिखि राजपुर ठुलो थारुगाउँ हुँदै बबईसम्म सडक स्तरउन्नती | वडा नं. ७ | ७,००,०००।- | १,१६,९०,७००।- | |
| ११ | वडा नं. ८ नारायणपुर बुधौरा बाँधदेखि बुधौरासम्म स्तरउन्नती | वडा नं. ८ | १५,००,०००।- | १,१७,२६,०४५।१४ | |
| १२ | वडा नं. ९ को पोखरा हुँदै वडा कार्यालयसम्म सडक स्तरउन्नती | वडा नं. ९ | १५,००,०००।- | १,२०,००,०००।- | |
| १३ | वडा नं. १० दक्षिण अम्राई चोकदेखि पहेलपार लम्डरुवा हुँदै वडा नं. १२ कृष्णपुर जोडने सडक स्तरउन्नती | वडा नं. १० | १५,००,०००।- | १,२०,००,०००।- | |

मिति २०८०।०१।१० गते बसेको १३६औं कार्यपालिका बैठकको निर्णय

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | वडा नं. ११ खैरा देखि थारुगाँउहुँदै पर्सेनीसम्म सडक स्तरउन्नती | वडा नं. ११ | १०,००,०००।- | ६०,००,०००।- | |
| १५ | वडा नं. ११ नयाँवस्ती आँखाघारीहुँदै बासगजेरीसम्म सडक स्तरउन्नती | वडा नं. ११ | | ६०,००,०००।- | |
| १६ | वडा नं. १२ टिकरी एक्ले पिपल खाल्टेपानी नारेवाङ घनश्याम अधिकारीको घर हुँदै सिमलखुटी जाने बाटो स्तरउन्नती | वडा नं. १२ | १५,००,०००।- | ६०,००,०००। | |
| १७ | वडा नं. १२ डाँडागाउँ पतेनी हुँदै वडा कार्यालय जाने बाटो स्तरउन्नती | वडा नं. १२ | २०,००,०००।- | ६०,००,०००। | |
| १८ | वडा नं. १३ मंलेरीदेखि गुज्रेखोला वडा नं. १२ को बसन्तपुर कृष्णपुरहुँदै साइपुर जोडने सडक स्तरउन्नती | वडा नं. १३ | १५,००,०००।- | १,२०,००,०००।- | |
| १९ | १३ नं. वडा कार्यालयको कम्पाउण्डवाल निर्माण | वडा नं. १३ | | ३०,००,०००।- | |
| २० | वडा नं. १४ गोर्खा अस्पतालदेखि मिलन चोकसम्म फुटपाथ नाला सहित सडक स्तरउन्नती | वडा नं. १४ | २०,००,०००।- | २,००,००,०००। | |
| २१ | वडा नं. १४ रजेना जाने चोकदेखि लक्की लामाको घरदेखि आर्मि व्यारेकसम्म फुटपाथ सहितको नाला सडक स्तरउन्नती | वडा नं. १४ | १५,००,०००।- | १,१३,६८,७८७।५४ | |
| २२ | वडा नं. १५ जिल्ला प्रशासन कार्यालयदेखि जेष्ठ नागरिक भवन, दिपशिखा चोक, गुरुकुल स्कुलहुँदै रतनपुर चोकसम्म सडक स्तरउन्नती | वडा नं. १५ | २५,००,०००।- | १,२०,००,०००।- | |
| २३ | वडा नं. १६ सेवारखोला पुलदेखि माधव लोहनीको घरहुँदै थारुगाउँ गौरीसम्म र दुधेसोता अशोक चौधरीको घरहुँदै वि एण्ड वि चोकसम्म सडक स्तरउन्नती | वडा नं. १६ | १५,००,०००।- | ५०,००,०००।- | |
| २४ | वडा नं. १६ रातामाटा वडा नं. १३ सिमानादेखि ठोकैयाहुँदै जनकपुर ठुटे पिपलसम्म पक्की नाला सहित सडक स्तरउन्नती | वडा नं. १६ | १०,००,०००।- | ५०,००,०००।- | |
| २५ | वडा नं.१७ गुलरिया चित्राङ गत डि.सी.को घरदेखि दक्षिण नयाँ बस्तीसम्म पक्की नाला सहित सडक स्तरउन्नती | वडा नं. १७ | | १,००,००,०००।- | |
| २६ | वडा नं. १८ नेपाली सेना व्यारेक हुँदै ढोडेनी जाने बाटोमा कल्भर्ट निर्माण र वडा नं. ११ को सुकै खोलामा कल्भर्ट निर्माण | वडा नं. १८ | ३०,००,०००।- | १,४४,००,०००।- | |
| २७ | वडा नं. १९ कटुवाखोला पलासेहुँदै १९ नं. वडा कार्यालय जोडने सडक स्तरउन्नती कल्भर्ट सहित | वडा नं. १९ | २०,००,०००।- | १,६०,००,०००।- | |

मिति २०८०।०१।१० गते बसेको १३६औं कार्यपालिका बैठकको निर्णय